नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

चैत्र/बैशाख २०७५/२०७६ (April 2019) वर्ष २३/अङ्क २६५

## नेइम महिलाहरूको संयुक्त भेला, उत्साह र उमङ्गको बेला

प्रस्तुतिः एल्डर सीता गुरुङ

मार्च ८, २०१९ सालको अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर उपत्यकाको नेइम महिलाहरूको संयुक्त भेला ज्ञानेश्वरमा राखिएको थियो । अब देखि उसो अर्को विकल्पबारे निर्णय नभएसम्म हरेक वर्ष यही दिनमा हामीहरूको वार्षिक संयुक्त भेला हुनेछ। विगत वर्षहरूमा हामीले तीजको दिनमा भेला गर्ने गर्दथ्यौं तर त्यस दिन ज्ञानेश्वर आउने जाने गर्न यातायातको कठिनाइलाई महसुस गरी महिला विभागले संयुक्त भेलाको दिन फेरेको हो । यस्तो संयुक्त भेलाले एक अर्कालाई उत्साह दिने र हामी ठूलो खीष्टिय परिवारको सदस्यहरू हौं भन्ने सन्देश दिए झैं लाग्छ मलाई । खीष्ट येशूको नाममा सबैसँग मिली गरिने संगतिले हामीलाई उहाँको सेवामा रहिरहनलाई साँचो रूपमा उर्जा मिल्छ। जति जना आउन सक्नुभयो सबैले यो अनुभव गरी आशिषित् हुनुभयो भन्ने मलाई लाग्छ। उपस्थित नहुनेहरूले धेरै गुमाउनुभो भन्ने पनि लाग्छ । यस दिनको लागि प्रार्थना गरिदिनुहुने मण्डली परिवारलाई धन्यवाद ।

केही भजनहरू गाएपछि बहिनी रीना पाठकले हामी सबैलाई आशिष्मय स्तुति प्रशंसामा डोऱ्याउनुभयो । यस पछिको समय विभिन्न रोचक सामग्रीहरू प्रस्तुत गरिएको थियो । रोचक सामग्रीहरूमा कविता, नाटक तथा एकल र सामूहिक गीतहरू थिए । बहिनी चन्दा देवानको गीत 'येशू प्रभु पाए, जब सबै थोक बद्लियो' र 'यो बिहानीको हावा हेर सरर' ले झण्डै-झण्डै सबैलाई नचाएको थियो । हामीहरू बीचमा एउटा पृथक प्रस्तुति मुरलीबादक बहिनी लिडियाले दिएकी थिइन् । अरू सामग्रीहरू सबै विस्तृत रूपमा यहाँ प्रस्तुत गर्न नसकिए पनि कविताहरू यहाँ राख्ने प्रयास गर्नेछु जसबाट यहाँहरू सबै आशिषित् हुनुहुनेछ । परमेश्वरले नेइममा कति धेरै प्रतिभाशाली बहिनीहरू दिनुभएको छ, जसले आफ्नो दानहरूबाट परमेश्वरलाई महिमा दिन सक्छन् र अन्य विश्वासीहरूलाई आशिषित् तुल्याउन सक्छन्। संचालिका बहिनी विष्णु गुरुङ्गले पनि आफ्नो भूमिका राम्ररी निभाउनुभयो । यस पटकको भेलामा "जीवनको पक्षमा" (Pro-life) सम्बन्धी बहिनी सुसन पौडेलले बढो राम्रो ढंगले प्रस्तुत गर्नुभएको थियो । आज संसारमा गर्भ पतनबारे धेरै किसिमका आवाजहरू छन् र यी आवाजहरूको बीचमा हामी खीष्ट विश्वासीहरूको अडान के हो, हाम्रो विश्वास के हो भन्ने बारे शिक्षित हुनुपर्छ भन्ने हामीलाई लागेकोले गर्भ पतन हामीले किन गर्नु हुँदैन भन्ने बारे बाइबलबाट सिकाउनुभएको थियो । सिकाइपछि जानेर नजानेर आफूले गर्भ पतन गरेको या अरूलाई पनि गर्नलाई सहयोग गरेको या सल्लाह दिएकाहरूले प्रभुसँग क्षमा मागी पश्चत्तापको लागि सेवकाइको समय पनि राखिएको थियो । यो आशिषित् समय भएको थियो । दोषी मानसिकताबाट प्रभुले धेरैलाई छुट्कारा दिनुभयो । यो विषयलाई लिएर नेइम चर्चहरूमा शिक्षा दिनुपर्छ र हामीहरूको बीचमा नै यसबारे राम्रो जानकारी राख्नुहुने बहिनी, भाइहरू हुनुभएकोले उहाँहरूलाई सेवा गर्ने मौका दिई मण्डलीलाई पाप गर्नबाट रोक्न सके हामी सबै आशिषित् हुनेथियौं ।

त्यस दिनमा प्रस्तुत गरिएका कविताहरू मध्ये दुईवटा कविताहरू तल दिइन्छ। आशा छ पाठकहरू सबै आशिषित् हुनुहुनेछ ।

### बहिनी रश्मी घिमिरेको कविता-बेला आयो

१) खलबली छ चारैतिर,
भुँइचालो गयो डढेलो लाग्यो,
वनमा बस्ने हिंस्रक जन्तु
वन छोडी वस्तीमा आयो ।

२) खलबली छ चारैतिर,
बढे दिनहुँ बलात्कारी,
भौतारिँदैछन् मानिसहरू,
शोषण दमनको न्याय पुकारी ।

३) खलबली छ चारैतिर,
रोग नयाँ नयाँ भित्रियो रे,
त्राहि त्राहि छन् मानिसहरू,
शान्तिको आशा सिद्धियो रे ।

४) खलबली छ चारैतिर,
ठोकिए ढुङ्गा, जहाज, मोटर,
चर्क्यो लुटपाट दिन दहाडै,
तोडेर घर, महलका सटर

५) खलबली छ चारैतिर,
वर्षेनी देशमा बाढी र पहिरो,
विदेशतिर घरि घरि सामुन्द्रिक आँधी,
शरणार्थी बन्दै जानेको धुइरो ।

६) अचम्म त यो छ अझै,
विश्वमा नै पानी सकिँदैछ रे,
छिटो छिटो हिम शिखरहरू,
पग्लिएर बग्दैछ रे

७) डरै लाग्दो छ खबर सुन्दा,
आफ्नै पिता माता भए रे भक्षक,
भर कसको लिनु, शरण कसको पर्नु,
मानव, मानव कै रहेन रक्षक ।

८) बढ्दैछन् संजाल चारैतिर,
आतंककारी संघ, संगठनको,
अब पूरा हुँदैछन् भविष्यवाणी,
यशैया, यर्मिया, इजकिएलको ।

९) यसैले खीष्टको मण्डली हामी,
गम्भीर भै सोच्ने बेला आयो,
आत्माको शक्ति र निर्देशनलाई,
पछ्याउँदै हिंड्ने बेला आयो ।

१०) छोडेर तीतो पिरो मन,
पश्चत्ताप गर्ने बेला आयो,
येशू आउने दिनको बाटो हेर्दै,
तयार भई बस्ने बेला आयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **चैत्र ३०** April 13 | पाष्टर सामुएल कार्थक | डीकनेस् रश्मिला तामाङ्ग | एल्डर बागमान तामाङ्ग | श्री अन्जान घले | एल्डर रूबेन श्रेष्ठ | श्री श्रीराम सुर्खेती | डीकन पुरुषोत्तम न्यौपाने |
| **बैशाख ७** April 20 | श्री विष्णु देउला | डीकन सिद्धि खालिङ | श्री सुबोध अधिकारी | युवा | श्री सुकराम तामाङ्ग | श्री भिम खालिङ | युवा |
| **बैशाख १४** April 27 | एल्डर अर्जुन ढकाल | श्री एलिजर तामाङ्ग | एल्डर सुरेश पुर्कुटी | पाष्टर रोबर्ट कार्थक | डीकन सिमोन भण्डारी | **संयुक्त सेवा ललितपुर चर्च** | |
| **बैशाख २१** May 4 | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा ज्ञानेश्वर चर्च** | | पाष्टर दफ्तन सादा | एल्डर श्रीलक्ष्मी सैंजु | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

## बहिनी धनमाया तामाङ्गको कविता-नारी

१) आजको यो सुन्दर समय परमेश्वरले हामीलाई दिनु भाको,
चारैतिरको दिदीबहिनी हामी यस मण्डलीमा भेला भाको,
त्यसैले नारी शिर्षकमा केही शब्दहरू बोल्न म यहाँ आको ।

२) नारी हामी सृष्टिकर्त्ताको सुन्दर सृष्टि हौं,
आमा, छोरी, बुहारी हामी सबै नारी नै हौं,
पवित्र आत्माको शक्ति अनि सामर्थ्यमा सधैं
जोशिलो र फुर्तिला हौं ।

३) नारी बिनाको घर अधुरो र सुनसान हुन्छ,
नारीले बोलेको मीठो बोलीले सबैको मन छुन्छ,
यस्तो परिवारमा हरेक मानिस खुशी र आनन्दित हुन्छ ।

४) नारी घरको छाना हो यसमा सुन्दरता हुनुपर्छ,
आत्मा र सत्यतामा प्रार्थना गर्ने घरको आमा हुनुपर्छ,
अनि मात्र सबैको घरमा स्वर्गीय मन्न प्रशस्त झर्छ ।

५) नारी शिक्षित भए पूरै घर शिक्षित हुन्छ,
देशमा भएको अन्धकार र अज्ञानताको मैला धुन्छ,
र मात्र आफ्नो देश र समाजको विकास हुन्छ ।

६) नारीको बाहिरी सुन्दरता मात्र भ्रमात्मक हुन्छ,
भित्री सुन्दरताले भरिनु पर्छ परमेश्वरसँग कनेक्सन हुन्छ,
परमेश्वरमा कनेक्सन भएको परिवारमा प्रशस्त आशिष् र शान्ति

७) सृष्टिको सुरुमा नारीलाई फसाई,
शैतानले परमेश्वरसँग दुश्मनी लिएको,
नखानु पर्ने फललाई देखाई लोभ र लालच दिएको,
त्यसैकारण प्रभु येशू ख्रीष्टले मरियमको कोखमा जन्म लिएको ।

८) परमेश्वरले नाओमीबाट मोआबी रुथलाई तानेको,
मेरो हृदयले खाएको मानिस भनी राजा दाऊदलाई छानेको,
त्यही दाऊदको वंशबाट ख्रीष्टको जन्म भएको ।

९) बिहानदेखि बेलुकीसम्म नारी व्यस्त हुन्छिन्,
बुढोदेखि छोराछोरी सबैको अनेक समस्या सुन्छिन्,
चारैतिरको समस्याले नारी हैरान हुन्छिन् ,
ढोका थुनी एकान्तमा प्रभुसँग रुन्छिन्,
यशैया ४०:३१ पढी फेरि रिफ्रेस हुन्छिन् ।

१०) मरियमको कोखबाट प्रभु येशू जन्मिनु भाको त्यो सुनसान रात,
मैले लेखेकी यी शब्दहरू सुनी दिनु भै साथ दिनुभो,
अब म यहाँबाट बिदा हुन्छु सबैलाई धन्यवाद ।

## जानकारी



वनस्थली बस्नुहुने नेइम ज्ञानेश्वर चर्चकी सदस्य श्रीमती सुनिता योञ्जन ४८ वर्षको उमेरमा फागुन २७ गते/मार्च ११ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



तिलगंगा बस्नुहुने नेइम ज्ञानेश्वर चर्चकी सदस्य श्रीमती माया देउला ४५ वर्षको उमेरमा चैत्र १ गते/मार्च १५ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।



जहरसिंह पौवा बस्नुहुने नेइम जहरसिंह पौवा चर्चकी सदस्य श्रीमती गौरी गुरूङ्ग ५३ वर्षको उमेरमा चैत्र २ गते/मार्च १६ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

- फागुन १८ गते/मार्च २ तारिख शनिबार नेइम गुरुजुधारा मण्डलीमा ३ जनाको समर्पण भयो ।
- फागुन २५ गते/मार्च ९ तारिख शनिबार नेइम सिर्जना नगर मण्डलीमा डीकन दान बहादुर अधिकारी र डीकन बागमान तामाङ्गलाई एल्डर अभिषेक गरियो साथै सोही दिन ४ जना बाल-बालिकाहरूको बाल अर्पण भयो ।
- चैत्र १६ गते/मार्च ३० तारिख शनिबार नेइम जोरपाटी मण्डलीमा ८ जनाको समर्पण भयो ।

### अप्रिल महिनाको कार्यक्रम

- वैशाख १ गते/अप्रिल १४ तारिख आइतबार बिहान १०:०० बजे **नेइम महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।
- वैशाख ६ गते/अप्रिल १९ तारिख शुक्रबार बेलुकी ५:३० बजे **गुड फ्राइडे सेवा** आ-आफ्नै मण्डलीमा ।
- वैशाख ८ गते/अप्रिल २१ तारिख आइतबार बिहान ६:०० बजे **सूर्योदय (इस्टर) सेवा** आ-आफ्नै मण्डलीमा ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| **चैत्र ३०** April 13 | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा गोंगबूँ चर्चमा** | एल्डर सिमोन खालिङ |
| **बैशाख ७** April 20 | एल्डर घनश्याम दाहाल | पाष्टर रोबर्ट कार्थक | डीकन अशोक सुनुवार | डीकन सुनिल मुनिकार | डीकन राज गुरुङ्ग | एल्डर गोपी राई | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | एल्डर पिटर लिम्बु |
| **बैशाख १४** April 27 | **संयुक्त सेवा ललितपुर चर्च** | श्री भुवन देवकोटा | डीकनेस् चिनु घ्लान | डीकन राज गुरुङ्ग | एल्डर गोपी राई | श्री अमृत लामा | पाष्टर सामुएल कार्थक | डीकनेस् अमृता कार्थक | एल्डर जोर बिर राई |
| **बैशाख २१** May 4 | एल्डर जनकलाल श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | **संयुक्त सेवा धापासी चर्च** |

## शुभ कामना

सारा संसारका मानव जातिको उद्धारको निम्ति येशू प्रभु क्रूसमा बलि हुनुभई तेस्रो दिनमा पुनरुत्थान हुनुभएको (EASTER) तथा नव वर्ष २०७६ सालको सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरु तथा सम्पूर्ण विश्वासीहरु र देशवासीहरुमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा हार्दिक शुभ कामना व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



फागुन १३ गते/फरवरी २५ तारिख सोमबार नेइम गोंगबूँ चर्चकी सदस्य सुश्री **रोमिला तामाङ्ग** र कनान प्रार्थना भवनको सदस्य श्री **बिकेन्द्र तामाङ्ग**को पवित्र विवाह नेइम गोंगबूँ चर्चमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **बिकेन्द्र** र **रोमिला तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १५ गते/फरवरी २७ तारिख बुधबार नेइम ज्ञानेश्वर चर्चकी सदस्य सुश्री **निशा नेपाल** र ग्लोरी चर्च, नवलपरासीको सदस्य श्री **विश्वनाथ रणपाल**को पवित्र विवाह नेइम ज्ञानेश्वर चर्चमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विश्वनाथ** र **निशा रणपाल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २२ गते/मार्च ६ तारिख बुधबार नेइम गोंगबूँ चर्चकी सदस्य सुश्री **रन्जना ढुङ्गेल** र अनन्त सालोम चर्चको सदस्य श्री **आमोस तामाङ्ग**को पवित्र विवाह नेइम गोंगबूँ चर्चमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **आमोस** र **रन्जना तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २३ गते/मार्च ७ तारिख बिहीबार नेइम धापासी चर्चको सदस्य श्री **विराज मिजार** र गोंगबूँ इसाई चर्चकी सदस्य सुश्री **पूजा मगर**को पवित्र विवाह गोंगबूँ इसाई चर्चमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विराज** र **पूजा मिजार**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २३ गते/मार्च ७ तारिख बिहीबार नेइम गोंगबूँ चर्चकी सदस्य सुश्री **मिनु तामाङ्ग** र नेइम ठूलो स्याफ्रु चर्चको सदस्य श्री **विशाल तामाङ्ग**को पवित्र विवाह नेइम गोंगबूँ चर्चमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विशाल** र **मिनु तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष प्रार्थना

- गुड फ्राइडे र ईस्टरको समयमा सारा संसारभरि हुने सेवा संगतिको लागि साथै विभिन्न माध्यमद्वारा प्रचारिएको सु-संदेशद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनि प्रार्थना गरिदिऔं ।
- एस.इ.ई. परीक्षा दिएका विद्यार्थीहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २४ 7<br>हामी विश्वासीहरूको जीवन वचनमा जरा गाडिएका भई त्यसअनुरुप निर्माण हुँदै परमेश्वरको महिमाको लागि परिपक्व हुँदै जान सकौं ।<br>२ तिमोथी ३:१४-१६ | वैशाख १ 14<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | ८ 21<br>आज हुने सूर्योदय सेवामा परमेश्वरको जीवित उपस्थिति प्रत्येकले थाहा गर्न सकून् ।<br>लेवी २६:१२-१३ | १५ 28<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाललाई पवित्र आत्माको अगुवाइमा विश्वास- योग्यताका साथ सधैं हेरचाह गरिरहन सकून्।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ |
| **सोमबार** Monday | २५ 8<br>मण्डलीको सबै विश्वासीहरू व्यक्तिगत, पारिवारिक, मण्डलीसँगको प्रार्थनाको क्षेत्रमा मूल्य चुकाउनेहरू हुँदै जान सकौं ।<br>प्रेरित २:४२-४३ र ४७ | २ 15<br>हामी परमेश्वरका छोराछोरीहरू सधैँ दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १:९-१४ | ९ 22<br>मण्डलीका सबै समर्पित विश्वासीहरू मण्डलीको सेवा-संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि प्रभुमा बढ्दै र अरूलाई पनि प्रभुमा बढाउँदै जान सकौं ।<br>कलस्सी ३:१६-१७ | १६ 29<br>ख्रीष्ट येशू प्रभुको क्रूसको मृत्यु र बौरी उठाइको सुसन्देश सारा संसारका मानिसहरूले आफ्नो बनाई सबैले अनन्त जीवन पाउन सकून्।<br>हिब्रू ९:२२-२८, १०:४-१० |
| **मंगलबार** Tuesday | २६ 9<br>मण्डलीको जीवनमा प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचारमा सिथिलता नआएको होस्।<br>कलस्सी ३:१६-१७ | ३ 16<br>मण्डलीलाई अगुवाइ गरिराख्नुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५ | १० 23<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ | १७ 30<br>मण्डलीमा पवित्र आत्माबाटको आश्चर्यकर्म, चिन्ह, चंगाइ ठूला ठूला कामहरूको लागि प्रार्थना गरौं जसको कारण धेरै मानिसहरू सुसमाचार सुनेर साथै यी कामहरूद्वारा पनि मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् ।<br>प्रेरित ५:१२-१६, |
| **बुधबार** Wednesday | २७ 10<br>घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | ४ 17<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | ११ 24<br>प्रभु येशूको नाउँको खातिर दुख, कष्ट, खेदो निन्दा र सतावटमा पर्नुभएकाहरूको निम्ति प्रार्थना गरिदिऔं।<br>प्रेरित ९:१५-१६,, फिलिप्पी १:२६-२९ | १८ May 1<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ |
| **बिहीबार** Thursday | २८ 11<br>परमेश्वरले दिनुभएका सबै बाल बालिकाहरू साथै छोराछोरीहरूको पढाइ, पालन पोषणको साथै आत्मिक कुराहरूमा पनि ध्यान पुर्‍याउनेहरू हुन सकौं ।<br>व्यवस्था ११:१८-१९, एफिसी ६:४ | ५ 18<br>सुसमाचार प्रचारको साथै पवित्र आत्माबाट पाएका वरदानहरू आँटिलो साहसिलो भई चलाउन सकौं ।<br>मर्कूस १६:१५-२० | १२ 25<br>युवाहरूको पढाइ, काम, व्यवसाय, विवाह, पारिवारिक जीवनका सबै क्षेत्रहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ८५:१२, याकूब १:१७ | १९ 2<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैँ प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह ११९:१६२-१७५ |
| **शुक्रबार** Friday | २९ 12<br>हामी विश्वासीहरू वचन पढ्ने, सुन्ने साथै मनन् गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं ।<br>२ तिमोथी ३:१६-१७ | ६ 19<br>सबै इसाईहरू क्रूसको प्रेमको अर्थ बुझेर उहाँको निम्ति जिउनेहरू हुन सकौं ।<br>२ कोरिन्थी ५:१४-१५ | १३ 26<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको भरपूरी र अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | २० 3<br>आराधना सेवामा सबैजना आराधना गर्न, वचन सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून् ।<br>प्रेरित २:४२,४३ र ४७ |
| **शनिबार** Saturday | ३० 13<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>रोमी १२:११-१२ | ७ 20<br>ख्रीष्टको क्रूसको मृत्यु सारा मानव जातिको पाप क्षमाको लागि हो भन्ने सत्यता संसारले बुझी विश्वास गर्न सकून् ।<br>यूहन्ना १:२९, रोमी १०:९-१३ | १४ 27<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | २१ 4<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ |

**तिमीहरू आफ्ना अपराध र शरीरअनुसार बेखतनामा मरेका थियौ, तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँसँगै जीवित पार्नुभयो, र हाम्रो विरुद्धमा रहेको तमसुक र त्यसका सबै कानूनी दाबीहरूलाई क्रूसमा किला ठोकी रद्द गरिदिनुभयो । उहाँले प्रधानताहरू र शक्तिहरूलाई नि:शस्त्र पारी ती सबैमाथि क्रूसमा विजय प्राप्त गर्नुभयो, र तिनलाई खुलमखुल्ला तमाशा बनाइदिनुभयो ।**

**कलस्सी २:१३-१५**

 प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, www.nimnepal.tv 